# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव श्री माधवलाल तवदार नापी सम्बन्धी स्कोप अफ वर्कमा सम्झौता गर्न संयुक्त राज्य अमेरिका जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले भूमिसुधार विभागका महानिर्देशक श्री भेषराज शर्मालाई मिति २०४७।४।१० देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## श्रम तथा सामाजिक कल्याण मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल कारखाना तथा कारखानामा काम गर्ने मजदूर सम्बन्धी ऐन, २०१६ को दफा ३७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सो ऐन लागू भएका उद्योग प्रतिष्ठानहरूमा काम गर्ने कर्मचारीहरूको लागि २०४७ साल श्रावण १ गतेदेखि लागू हुने गरी देहायबमोजिमको न्यूनतम वेतन दर तोकेको छ।

| मजदूरको वर्गीकरण | मासिक न्यूनतम वेतन |
|---|---|
| १. अदक्ष | ८००।– |
| २. अर्धदक्ष | ८५०।– |
| ३. दक्ष | ९५८।– |
| ४. उच्च दक्ष | १,१४१।– |

द्रष्टव्य:

१. प्रस्तुत न्यूनतम वेतन बाहेक महंगी भत्ता रू. ५०।– (पचास रूपैयाँ) दिनु पर्नेछ सो महंगी भत्तालाई थप वेतन मानिने छैन।

२. महिला र पुरुषले समान किसिमको काम गरेमा दुवैलाई समान किसिमको वेतन दिनुपर्छ।



१०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।